
"हरेक क्षेत्रमा सबैको क्रियाशिलता, सबल एवम् सक्षम चन्द्रकोट, भ्रष्टाचारमा शुन्य सहनशीलता"

चन्द्रकोट गाउँपालिकाको आ.व. २०७९/०८० को बजेट





चन्द्रकोट गाउँपालिका

दोस्रो गाउँसभाको दोस्रो बैठक

१० असार, २०७९

सभाध्यक्ष महोदय,
सभा सदस्यज्यू ज्यूहरू,
सभा सचिव ज्यू।

नेपालको संवैधानिक व्यवस्था अनुरुप स्थानीय सरकारको रुपमा अधिकार सम्पन्न चन्द्रकोट गाउँपालिकाको गरिमामय यस दोस्रो गाउँ सभाको दोस्रो बैठकमामा चन्द्रकोट गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु। आजको यस ऐतिहासिक दिनमा लोकतान्त्रिक गणतन्त्र, सङ्घीयता, धर्म निरपेक्षता, समावेशिता, सामाजिक न्याय र समानताका लागि जीवन उत्सर्ग गर्नुहुने महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु। सामाजिक न्याय, समानता, स्वान्धिनता र समृद्धि प्राप्तिका आन्दोलनहरुमा योगदान गर्नुहुने सम्पूर्ण नेपाली दाजुभाई, दिदीबहिनी प्रति हार्दिक सम्मान प्रकट गर्दछु।

राजनीतिक क्रान्ति हामीले पुरा गरी राजनैतिक अधिकारहरु प्राप्त गरिसकेका छौं। संविधान कार्यान्वयनको शिलशिलामा स्थानीय तह सदस्य निर्वाचन अन्तर्गत यस चन्द्रकोट गाउँपालिकाको निर्वाचन भई जनप्रतिनिधिको बहाल भएसँगै लामो समय सम्म स्थानीय स्तरमा रहेको जनप्रतिनिधि बिहिन अवस्थाको अन्त्य भएको पनि पाँच वर्ष बितिसकेको छ। अब स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफै संलग्न हुने वातावरण बनेको छ। विकसित परिस्थितिलाई आर्थिक, सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनताको चाहनाहरु पुरा गर्ने अवको हाम्रो बाटो भनेको तिब्र आर्थिक, सामाजिक सकारात्मक रुपान्तरण नै हो।

आगामी आर्थिक बर्षको बजेट निर्माण गरिरहँदा स्वशासित, सम्मुन्न, समृद्ध र समतामूलक गाउँपालिकाको भावी तस्विरलाई अगाडि राखेर आर्थिक नीति कार्यक्रम र योजनाहरु तय गरेको छु। स्थानीय श्रोत र साधनको अधिकतम परिचालन गरी उच्च दरको आर्थिक वृद्धि गर्ने, साधन श्रोत र अवसरको न्यायोचित वितरण गर्ने, दीगो विकासको लागि पूर्वाधार निर्माण गर्ने, सन्तुलित रुपमा वडागत विकास गर्ने तर्फ यो बजेट केन्द्रीत हुनेछ।

मैले बजेट कार्यक्रमहरु प्रस्तुत गर्दै गर्दा गाउँपालिका, गाउँपालिका बाहिर र विदेशमा रहनु भएका यस गाउँपालिकाबासी तथा शुभचिन्तक, दाजुभाई, दिदीबहिनीहरुले चन्द्रकोटको विकासको लागि देखाउनुभएको चिन्ता, चासो र तत्परतालाई उच्च सम्मान प्रकट गर्न चाहन्छु। छिमेकि गाउँपालिकाहरुको सद्भावपूर्ण व्यवहार, विकास साझेदारहरुको चन्द्रकोट प्रतिको चासो र आम नागरिकको सहयोग र सहकार्यको प्रतिबद्धताबाट म उत्साहित भएको छु।

आर्थिक बर्ष २०७९/०८० को बजेट तयार गर्दै गर्दा नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची, संविधानमा उल्लेखित मौलिक हकहरु, संविधानमा उल्लेखित राज्यका नीतिहरु, धारा ५९ आर्थिक अधिकार, भाग १९ का स्थानीय आर्थिक कार्यप्रणाली, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको विस्तृतिकरण प्रतिवेदन, सङ्घीय सरकारले निर्माण गरेको पन्ध्रौं आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु, प्रदेश सरकारको आवधिक योजनाले लिएका लक्ष्यहरु, स्थानीय सरकार संचालन ऐन,

युवराज खत्री क्षत्री
अध्यक्ष

चन्द्रकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नान्तिपुर, भुत्ती
लुम्बिनी प्रदेश, नेपाल

२०७४ मा बजेट तर्जुमा सम्बन्धमा भएमा व्यवस्थाहरु, स्थानीय ऐन कानूनमा उल्लेखित प्रावधानहरु, विकासका समसामयिक मुद्दाहरु अन्तर्गत दीगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, वातावरणमैत्री स्थानीय शासन जस्ता विषयलाई ध्यानमा राखेको छु।

बजेटका उद्देश्यहरु:

आगामी आर्थिक बर्षको बजेटका उद्देश्यहरु निम्न बमोजिम राखेको छु।

- कृषि पेशाहरुलाई व्यवसायिकता तर्फ उन्मुख गराउँदै युवा जनशक्तिलाई उत्पादकत्व तथा उत्पादकत्व वृद्धिमा आकर्षित गरि उच्च आर्थिक वृद्धि गर्ने।
- आधारभूत स्वास्थ्य सेवा सबै नागरिकहरुको पहुँचमा पुऱ्याउने।
- प्राविधिक तथा व्यवसायीक शिक्षामा जोड दिदै शैक्षिक क्षेत्रको गुणस्तरमा सुधार ल्याउने।
- भौतिक पूर्वाधारको विकास मार्फत जीवनशैली परिवर्तन गर्दै लैजाने।
- आय र रोजगारीका अवसरमा वृद्धि गर्दै गरिबी घटाउने।
- अवसरको सृजना गर्दै सामाजिक सुरक्षा तथा संरक्षण गर्ने।
- चन्द्रकोटबासीलाई गुणस्तरीय सेवा प्रवाह गरी सेवामा सन्तुष्टि प्रदान गर्ने।

प्राथमिकताका क्षेत्रहरू:

बजेट बाँडफाँड गर्दा मैले देहायका क्षेत्रलाई प्राथमिकतामा राखेको छु।

- कृषि तथा पशु, खानेपानी तथा सरसफाई
- शिक्षा, स्वास्थ्य, सिंचाई र स्थानीय पूर्वाधार
- पर्यटन, वन र उद्योग
- सामाजिक सुरक्षा र
- सेवा प्रवाह, सुशासन प्रवर्धन र वातावरणको संरक्षण तथा बहुआयामिक विषयको विकास।

सुवराज छत्री क्षत्री
अध्यक्ष

चन्द्रकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शान्तिपुर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

सभाध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०७९/०८० को बजेट कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

आर्थिक विकास क्षेत्र

कृषि तथा पशुपालनः

अधिकांश जनताको मुख्य पेशा कृषिको रुपमा रहेको चन्द्रकोट गाउँपालिकाको विकासको लागि मुख्य आधार कृषि नै हो। परम्परागत र निर्वाहमुखी खेती प्रणालीलाई आधुनिक व्यावसायिक र प्रविधियुक्त बनाई कृषि उत्पादनमा मात्रात्मक र गुणात्मक वृद्धि गरी कृषि र पशुजन्य उत्पादन निर्यात गरी नागरिकको आय आर्जनमा वृद्धि गर्ने तर्फ बजेट लक्षित गरेको छु। कृषि विकास र पशुपालन क्षेत्रको समग्र विकासको लागि कुल एक करोड सोह्र लाख सत्तरी हजार रुपैया विनियोजन गरेको छु। एक वडा एक उत्पादन पकेटको रुपमा विकास गर्नका लागि कृषि र पशुपालनमा रु. ४० लाख विनियोजन गरेको छु। किसानको मागलाई मध्येनजर गरी कृषिजन्य साना यन्त्र उपकरण (मिनि टिलर, मिनि मिल, च्यापकटर, थ्रेसर) वितरणको लागि रु दश लाख विनियोजन गरेको छु। उत्कृष्ट कृषक अवलोकन भ्रमणको लागि रु. २ लाख विनियोजन गरेको छु। कृषि/पशु मार्फत जनताको जीवनस्तरमा सुधार गर्न कृषि स्मार्ट कार्यक्रममा रु. १२ लाख विनियोजन गरेको छु। कृषि पेशालाई आत्मनिर्भर गराउन घाँसको विरुवा उत्पादनको लागि स्रोतकेन्द्र स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

उद्योग, सहकारी तथा वित्तीय

स्थानीय स्तरमै महिलाहरुलाई उद्यमशील बनाई आत्मनिर्भरता तर्फ उन्मुख गराउनका लागि स्यानेटरी प्याड उद्योग स्थापनाको सम्भाव्यता अध्ययनको लागि आवश्यक वजेट विनियोजन गरेको छु। सहकारी सम्बन्धी अन्तर्क्रिया कार्यक्रमको लागि रु ३ लाख विनियोजन गरेको छु।

पर्यटनः

चन्द्रकोट गाउँपालिकालाई पर्यटकीय हबको रुपमा विकास गर्दै लगिने छ। चन्द्रकोट गाउँपालिकाको धार्मिक एवम् पर्यटकी मेला चक्रश्वर मेला, दिब्रुङ मेला लगायतमा मेला संचालनमा सहयोग र सहकार्यका लागि रु. ४ लाख विनियोजन गरेको छु। गाउँपालिका भित्र रहेका मन्दिर, पार्कहरुलाई संरक्षण गर्दै पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न आवश्यक व्यवस्था मिलाएको छु। चन्द्रकोट मन्दिर परिषरमा शौचालय निर्माणका लागि रु.७ लाख विनयोजन गरेको छु। चन्द्रकोट १ मा रहेको दिब्रुङ मन्दिरमा आवास निर्माण कार्यको लागि लुम्बिनी प्रदेश सरकारसँगको समपूरक योजनाको रुपमा रु.५० लाख खर्च गर्ने गरी व्यवस्था मिलाएको छु। जसका लागि गाउँपालिकाबाट रु. २५ लाख विनियोजन गरेको छु। टिमुरे ताल सौन्दर्यकरण, होमस्टे संरक्षण तथा प्रवर्द्धन र सिद्धवाबा मन्दिर प्रतिक्षालय निर्माणको लागि आवश्यक वजेट विनियोजन गरेको छु।

चन्द्रकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गानिपुर, मुसली
लुम्बिनी प्रदेश, नेपाल

रोजगार

प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई व्यवस्थित र उपलब्धिमूलक बनाई उक्त कार्यक्रम मार्फत भएका कार्यहरुलाई दीगो र भरपर्दोका साथै जनशक्तिको सुरक्षाको लागि रु. ११ लाख विनियोजन गरेको छु।

सिंचाई:

कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न गैरा धसारे भ्याउरे सिंचाई, भुक्दिखोला फुंगा सिंचाई, ढाव कुमालटारी सिंचाई, तल्लो किटनी सिंचाई, टारीखोला सिंचाई, भार्सेखोला बोटेगाउँ सिंचाई , कालिका गाउँ शाखा सिंचाई लगायतका अन्य सिंचाई_आयोजनामा रु. ६० लाख बजेट विनियोजन गरेको छु।

सामाजिक विकास क्षेत्र

शिक्षाः

समाजको ज्योतिको रुपमा रहेको शिक्षाको गुणस्तर सुधारको लागि बिशेष ध्यान दिइने छ। शिक्षालाई शैक्षिक गुणस्तर सुधार गर्नको लागि रु. ३ करोड ७४ लाख २० हजार विनियोजन गरेको छु । शिक्षाको प्रारम्भ बिन्दु बाल शिक्षाको भौतिक पक्ष र समग्र गुणस्तर सुधारको लागि गाउँपालिकाबाट राखिएका के.जी. शिक्षक र बालविकास सहजकर्ताको तलव भत्ता वृद्धि गरी मासिक रु. १३ हजार पुऱ्याएको छु। त्यसै गरी नेपाल सरकारबाट प्राप्त बालबिकास सहजकर्ताको तलव भत्ता वृद्धि गरी मासिक रु. १५ हजार पुऱ्याएको छु। त्यसै गरी विद्यालय सहायक कर्मचारीको मासिक रु. १९ हजार, प्राविमा कार्यरत कार्यालय सहयोगीको मासिक रु. १२ हजार, निमावि मा कार्यरत कार्यालय सहयोगीको मासिक रु. १२ हजार, माबि (१-१०) मा कार्यरत कार्यालय सहयोगीको मासिक रु. १४ हजार, माबि (१-१२) मा कार्यरत कार्यालय सहयोगीको मासिक तलव भत्ता रु. १५ हजार र सामुदायिक सिकाई केन्द्रका सहजकर्ताको मासिक रु. १० हजार पुऱ्याएको छु। जसका लागि रु. १ करोड ६१ लाख २० हजार विनियोजन गरेको छु। न्यून दरवन्दी रहेका विद्यालयमा विद्यार्थी संख्याका आधारमा विद्यालय शिक्षण सहयोग अनुदानका लागि रु. १ करोड ५ लाख रकम विनियोजन गरको छु।शिक्षा व्यवस्थित गर्न र प्र.अ.को र विद्यालय व्यवस्थापन समितिको क्षमता विकासको लागि तालिमको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु। कक्षा ५ र ८ को परीक्षा संचालन, लगायत शिक्षा विकाससँग सम्बन्धित शिर्षकको लागि पर्याप्त रकम छुट्याएको छु। छात्र छात्राको अपेक्षा चन्द्रकोट गाउँपालिकाको सुभेच्छा भन्ने नाराका साथ एक/एक जना उत्कृष्ट छात्र छात्रा विद्यार्थीका लागि प्राविधिक शिक्षा अध्ययन प्रयोजनार्थ आवश्यक रकम विनियोजन गरेको छु। बिग स्कुल को सम्भाव्यता अध्ययनको लागि रु. २ लाख रकम विनियोजन गरेको छु। यसै आ.ब देखि गाउँपालिका स्तरीय पाठ्यक्रम लागू गर्न रु ८ लाख बजेट विनियोजन गरेको छु। गाउँ शिक्षा योजनाका लागि रु. २ लाख ५० हजार विनियोजन गरेको छु। विद्यालयको भौतिक पूर्वाधार निर्माणका लामि रु. ४६ लाख विनयोजन गरेको छु।

स्वास्थ्यः

गाउँपालिकाका नागरिकको स्वास्थ्य सेवाको लागि रु. १ करोड ६९ लाख ३५ हजार बजेट विनियोजन गरेको छु। गाउँपालिकाबासी सम्पूर्ण नागरिकको स्वास्थ्य बीमा गर्ने नीति अनुरुप असहाय, दलित, अपाङ्ग, विपन्न नागरिकको स्वास्थ्य बीमाको लागि रु, ६ लाख रकम विनियोजन गरेको छु। आमा स्वास्थ्य कार्यक्रम अन्तर्गत गर्भवती हरियो झण्डा-अण्डा (पोषिलो झोला) कार्यक्रमको लागि रु. ५ लाख रकम विनियोजन गरेको छु। स्वस्थ बा-आमा कार्यक्रम अन्तर्गत घर-घरमै गई जेष्ठ नागरिकको स्वास्थ्यकर्मीबाट स्वास्थ्य परीक्षणको लागि रु ३ लाख छुट्याएको छु। पैसाको अभावमा कुनै पनि नागरिकको सामान्य रोगबाट समेत ज्यान नजाओस भन्ने उद्देश्यले स्वास्थ्य उपचार सहयोग कोषमा रु. ६ लाख बजेट विनियोजन गरेको छु। गर्भवति आमा सुत्केरी हुन नसकि आकस्मिक रुपमा उपचारका लागि माथिल्लो स्वास्थ्य संस्थामा उपचारका लागि लैजानका लागि रु.२ लाख बजेट विनियोजन गरेको छ। महिला स्वयंसेविका अवलोकन भ्रमण, मासिक यातायात खर्च, बैठक भत्ता र स्वास्थ्य किटको लागि आवश्यक

युवराज खत्री क्षत्री
अध्यक्ष

चन्द्रकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नानिपुर, बुर्खी
लुम्बिनी प्रदेश, नेपाल

बजेट विनियोजन गरेको छु। ल्याब संचालनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु। प्रत्येक महिना विद्यालयमा स्वास्थ्यकर्मी, जेष्ठनागरिकसँग अध्यक्ष कार्यक्रम, ए आमा बच्चालाई कस्तो छ कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

<u>खानेपानी तथा सरसफाई कार्यक्रम</u>:

स्वच्छ खानेपानी स्वस्थ जीवन भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै खानेपानी तथा सरसफाई क्षेत्रमा आवश्यक बजेट विनियोजन गरेको छु। हरेक नागरिकको घर-घरमा स्वच्छ खानेपानीको लागि एक घर एक धारा कार्यक्रम संचालन गरिने छ। यस कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। समग्र खानेपानी विकासको लागि रु. २१ लाख ५० हजार विनियोजन गरेको छु ।

<u>युवा, खेलकुद तथा मनोरञ्जन</u>:

"स्वस्थ जीवनयापनका लागि खेलकुद" भन्ने मूल नाराका साथ संचालन हुने अध्यक्ष कप भलिबल प्रतियोगिताको लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु। समग्र खेल विकास तथा युवा लक्षित कार्यक्रमको लागि रु. २८ लाख विनियोजन गरेको छु।

लैङ्गिक तथा सामाजिक समावेशीकरण:

लैङ्गिक तथा सामाजिक समावेशीकरणमा रु. ४२ लाख विनयोजन गरेको छु। जसमध्ये महिला संजाल गठन, महिला आयआर्जन उत्पादनमूलक कार्यक्रम तथा क्षमता विकास लगायतका कार्यक्रमका लागि रु. ९ लाख रकम विनियोजन गरेको छु। बाल उद्यान निर्माणका लागि रु. ४ लाख विनियोजन गरेको छु। जेष्ठ नागरिक मिलन केन्द्रको निर्माणको लागि रु. ४ लाख बजेट विनियोजन गरेको छु। दलित समुदायको परम्परागत व्यवसाय संरक्षण लगायतका कार्यक्रमको लागि रु. ७ लाख रकम बिनियोजन गरेको छु। त्यस्तै आदिवासी जनजाति लक्षित कार्यक्रमका लागि रु.७ लाख र अपाङ्ग लक्षित कार्यक्रमका लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु।

युवराज क्षत्री
अध्यक्ष

पूर्वाधार विकास क्षेत्र

सडक:

चन्द्रकोटको विकासको पथमा अगाडी लैजानको लागि गाउँपालिकाले सारेको ठूला योजना अन्तर्गत शान्तिपुर-टिमुरे सडक, शान्तिपुर-हस्पिटल सडक, मजुवा-पिपलपाटा-किसिकोट सकड, शान्तिपुर-मजुवा बजार ड्रेन निर्माण, हिमालय निमावि र दिब्रुङ पर्यटकीय क्षेत्र आवास निर्माणलाई लुम्बिनी प्रदेश सरकारसँगको समपूरक योजनाको रुपमा अगाडी बढाइनेछ। उक्त योजनाको लागि प्रदेश समपूरक कोषमा एक करोड पचास लाख रुपैँया विनियोजन गरेको छु। गाउँपालिकाको सडकलाई स्तरीय बनाउन त्रिवेणी-शान्तिपुर-रोटेखोला सडक स्तरोन्नतिका लागि सङ्घीय सरकारसँगको समपूरक योजनाको रुपमा अगाडि बढाएको छु। उक्त योजनाका लागि सङ्घीय समपूरक कोषमा रु. चालिस लाख रुपैँया विनियोजन गरेको छु। गाउँपालिकाका प्राथमिकताका योजनाको रुपमा शान्तिपुर-चन्द्रकोट, शान्तिपुर-भिर्खानी-भन्ज्यांङ्ग, मझुवा- रुपाकोट, सराङ्ग-दिब्रुङ्ग-दह-अर्जेवा रिङरोड, डकुवा-बौसदी-एक्लेपिपल-बर्बोट-ठुलापोखरा-सिद्दबाबा, सल्यार-बसाढ-टिमुरे, ग्वाघा-खाँदिकोट, सोमरा-पेक्सरपाटा-गब्दे, चिसापानी-भेडिखाल्टा-नेटाकापोखरा, रामपुर-सूर्येखोला-दाङसिङ सडकलाई रु. २ करोड ३० लाख ५० हजार रुपैँया विनियेजन गरेको छु। स्थानीय तहलाई जनतासँग लैजान वडास्तरीय योजना छनौट अन्तर्गत रु. दुई करोड पच्पन्न लाख रुपैँया विनियोजन गरेको छु।

भवन तथा शहरी विकास

गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि रु. एक करोड रुपैँया विनियोजन गरेको छु। गाउँपालिकामा यस आ.व. मा कम्तिमा एक वटा वडा भवन निर्माण कार्य प्रारम्भ गर्न रु. १८ लाख रुपैँया विनियोजन गरेको छु। समग्रमा भवन तथा शहरी विकास क्षेत्रमा रु. १ करोड ६४ लाख ५० हजार रकम विनियोजन गरेको छु।

वन, वातावारण, भू-संरक्षण तथा जलवायु परिवर्तन, विपद व्यवस्थापन:

सम्भावित विपद व्यवस्थापन बाढी, पहिरोलाई नियन्त्रण गर्नको लागि जाली ग्याविन खरिदको लागि रु ८ लाख विनियोजन गरेको छु। विपद् सामग्री, उद्दार, राहत लगायतका लागि रु. ३७ लाख बजेट विनियोजन गरेको छु। टोल-टोलमा विपद उद्धार समूह गठन, तालिम र परिचालन गरी अगाडी बढ्ने कार्यक्रम राखेको छु। गाउँपालिका स्तरीय नगरप्रहरीको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। विभिन्न नदीको प्रभावित क्षेत्रमा तटवन्ध निर्माण ँ आवश्यक वजेट विनियोजन गरेको छु।

उर्जा

सवै वडामा वुस कटिङ, विद्युतिय चुलो अनुदान, विपन्न नागरिकको घरमा विद्युत जडान लगायतका कार्य गर्न उर्जामा रु. १६ लाख ४० हजार विनियोजन गरेको छु।

युवराज घर्ती क्षत्री
अध्यक्ष

चन्द्रकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शान्तिपुर, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

सेवा प्रवाहः

सरकारी कार्यालयको सेवा प्रवाहलाई अधिकतम जनमैत्री बनाइने छ। कम्प्युटर तालिम, क्षमता विकास तालिम मार्फत कर्मचारीहरुको कार्यक्षमता वृद्धि गरिने छ। सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गरिने छ। यी सबै कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु। घुम्ती सेवा मार्फत जनताको घर-दैलोमै गएर सेवा प्रवाहको व्यवस्था मिलाएको छु। सार्वजनिक सुनुवाई कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु। गुनासो व्यवस्थापनको प्रभावकारी संयन्त्र गठन गरिने छ। सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सेवाग्राही सन्तुष्ट मापन आदि जस्ता सेवा प्रवाहका नवीनतम अवधारणाको अवलम्बन गरिने छ। हेलो चन्द्रकोटको लागि Toll Free सेवा स्थापना, वृत्त चित्र निर्माण लगायतका कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु। समग्रमा सेवा प्रवाह तथा प्रशासन संचालनका लागि रु. ८ करोड १२ लाख विनियोजन गरेको छु।

बजेट कार्यान्वयनः

आयोजनाहरुको अनुगमन गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतबाट हुने व्यवस्था मिलाइने छ। गाउँपालिका स्तरीय अनुगमन समितिबाट योजनाहरुको नियमित अनुगमन तथा प्रतिवेदन र पृष्ठपोषणको व्यवस्था मिलाइने छ। आयोजनासँग सम्बन्धित बिषयगत समिति, बिषयगत शाखाहरुबाट समेत नियमित अनुगमन मूल्यांकनको व्यवस्था मिलाइने छ। यसबाट बजेट कार्यान्वयनमा अनुशासन र नतिजा प्राप्तिको सुनिश्चितता आउने विश्वास लिएको छु।

विनियोजित पुँजीगत बजेट खर्च हुन नसक्नु आर्थिक विकासको लागि चुनौतिको बिषय बनेको छ। निर्धारित समय र लागतमा कार्य सम्पन्न गर्न, निर्माणमा गुणस्तर कायम गर्न र निर्णयकर्ता तथा निर्माण सम्बद्ध व्यवसायी परिणामप्रति जवाफदेही हुने प्रणालीको विकास गरिने छ। बजेट कार्यान्वयन कार्यतालिका बनाई सोही बमोजिम कार्यान्वयन गर्दै लगिने छ।

युवराज दत्त पन्त
अध्यक्ष

चन्द्रकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शान्तिपुर, बुल्टी
लुम्बिनी प्रदेश, नेपाल

सभाध्यक्ष महोदय,

अब म माथिका क्षेत्रगत बजेट तथा कार्यक्रमहरुको बजेट कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थाको योजना प्रस्तुत गर्दछु।

यस आर्थिक वर्षका नीति, कार्यक्रम र बजेट कार्यान्वयन गर्न रु. ५० करोड ७९ लाख ६५ हजार विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालु तर्फ रु. ३२ करोड २० लाख ३० हजार र पुँजीगत तर्फ रु. १८ करोड ५९ लाख ३५ हजार रहेको छ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत अनुमान मध्ये आन्तरिक आय तर्फ रु. ९७ लाख, सङ्घीय सरकारबाट प्राप्त समानीकरण अनुदान रु.१० करोड ६३ लाख र राजश्व बाँडफाँडबाट प्राप्त हुने रु. ८ करोड ४५ लाख ९५ हजार, प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रु.५६ लाख तथा राजश्व बाँडफाँडबाट रु. ८७ लाख ३३ हजार अनुमान गरेको छु। सङ्घीय सशर्त अनुदानको रु. २२ करोड २१ लाख, समपूरक अनुदानमा रु. ४० लाख र प्रदेश समपूरकमा रु. १ करोड ५० लाख, सङ्घीय बिशेष अनुदानको रकम रु. ६० लाख, प्रदेश बिशेष अनुदान रकम रु. ६० लाख, प्रदेश सशर्त अनुदान रकम रु. ८० लाख र अघिल्लो वर्ष बचत अनुमानित बजेट रु. ३ करोड १९ लाख ३७ हजार गरी आयको अनुमान गरेको छु। उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनामा जनश्रमदानलाई महत्व दिदै कम्तिमा १०% जनसहभागिताको नीति लिईएको छ।

सभाध्यक्ष महादोय,

यो बजेटको कार्यान्वयनबाट गाउँपालिका समानुपातिक र न्यायपूर्ण विकास सँगै समृद्धिको नयाँ चरणमा प्रवेश गर्नेछ। गाउँपालिकाबासी आम नागरिकहरुको संविधान प्रदत्त मौलिक हकहरु कार्यान्वयन हुँदै जानेछन भन्ने अपेक्षा मैले लिएको छु।

प्रस्तुत बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नुहुने आदरणीय अध्यक्ष ज्यू, वडाध्यक्ष ज्यूहरु, सम्पूर्ण जनप्रतिनिधिहरु, बिषयगत समिति, विभिन्न विज्ञ, अर्थशास्त्र, राजनीतिक दलका नेताहरु, नागरिक समूहका अगुवाहरु, विषयगत शाखा प्रमुख ज्यूहरु लगायत सम्पूर्णप्रति हार्दिक आभार प्रकट गर्दछु। साथै यस कार्यमा अहोरात्र खटिइ नीति, कार्यक्रम र बजेट निर्माण कार्यलाई सफल बनाउनुहुने प्रमुख प्रशासकीय अधिकृत ज्यूलाई बिशेष धन्यवाद दिन चाहन्छु। बजेट निर्माण कार्यमा अहोरात्र खटिनुहुने राष्ट्रसेवक कर्मचारी सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु।

अन्त्यमा चन्द्रकोट गाउँपालिकाको बिकासमा टेवा पुऱ्याउनुहुने सबै करदाताहरु, सङ्घीय सरकार, प्रदेश सरकार, गैर सरकारी तथा सामुदायिक संस्थाहरु लगायत चन्द्रकोटबासी र चन्द्रकोट गाउँपालिकालाई माया गर्नुहुने सम्पूर्ण आमा-बुवा, दाजुभाई, दिदीबहिनीहरूलाई यस अवसरमा हार्दिक आभार प्रकट गर्दै यो बजेटको सफल कार्यान्वयनमा समेत सबैको पूर्ण सहयोग प्राप्त हुने विश्वास गर्दछु।

धन्यवाद।

सुवराज छत्री क्षत्री
अध्यक्ष

चन्द्रकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शान्तिपुर, मुसी
एल्विनी प्रदेश, नेपाल

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शालिपुर, गुल्मी

आ.व. २०७९/८० को आय-व्ययको संक्षिप्त विवरण

क.सं.	श्रोत	आय	व्यय	कैफियत
१	<u>सङ्घीय तर्फ</u>			
क	समानीकरण अनुदान	१०६,३००,०००.००	१०६,३००,०००.००	
ख	राजश्व वाँडफाँड	८४,५९५,०००.००	८४,५९५,०००.००	
ग	सशर्त अनुदान	२२२,१००,०००.००	२२२,१००,०००.००	
घ	समपूरक अनुदान	४,०००,०००.००	४,०००,०००.००	
ङ	विशेष अनुदान	६,०००,०००.००	६,०००,०००.००	
	जम्मा	४२२,९९५,०००.००	४२२,९९५,०००.००	
२	<u>प्रदेश तर्फ</u>			
क	समानीकरण अनुदान	५,६००,०००.००	५,६००,०००.००	
ख	राजश्व वाँडफाँड	८,७३३,०००.००	८,७३३,०००.००	
ग	सशर्त अनुदान	८,०००,०००.००	८,०००,०००.००	
घ	समपूरक अनुदान	१५,०००,०००.००	१५,०००,०००.००	
ङ	विशेष अनुदान	६,०००,०००.००	६,०००,०००.००	
	जम्मा	४३,३३३,०००.००	४३,३३३,०००.००	
३	<u>गाउँपालिका</u>			
क	आन्तरिक श्रोत	९,७००,०००.००	९,७००,०००.००	
ख	नगद अ.ल्या.	३१,९३७,०००.००	३१,९३७,०००.००	
	जम्मा	४१,६३७,०००.००	४१,६३७,०००.००	
	कुल जम्मा (१+२+३)	५०७,९६५,०००.००	५०७,९६५,०००.००	

युवराज छत्री क्षत्री
अध्यक्ष

चन्द्रकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शालिपुर, गुल्मी
प्रदेश नं. ५, नेपाल

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, सल्मी

आ.व. २०७९/०८० को वार्षिक नजेटको विस्तृत विवरण

क्र.स	क्षेत्र	क्षेत्रगत रुपमा विनियोजित बजेट	उप क्षेत्र	आयोजनाको नाम	कार्यान्वयन स्थान/वडा	रकम रु.	कैफियत
१			कृषि	एक वडा एक उत्पादन (पकेटको रुपमा विकास) कार्यक्रम	गाउँपालिका	२,०००,०००.००	
२			कृषि	५०% साझेदारीमा कृषिजन्य यन्त्र उपकरण खरिद	गाउँपालिका	१,०००,०००.००	
३			कृषि	धान दिवस कार्यक्रम	गाउँपालिका	३०,०००.००	
४			कृषि	कृषिवालीमा मौसम जन्य वालीरोग नियन्त्रण	गाउँपालिका	२००,०००.००	
५			कृषि	मागमा आधारित वृषि कार्यक्रम	गाउँपालिका	४००,०००.००	
६			कृषि	मौषमी तथा बेमौषमी तरकारी खेती सम्बन्धी तालिम	गाउँपालिका	२००,०००.००	
७			कृषि	उत्कृष्ट कृषकलाई कृषि अवलोकन भ्रमण कार्यक्रम	गाउँपालिका	२००,०००.००	
८			कृषि	स्मार्ट कृषि गाँउ कार्यक्रम	गाउँपालिका	१,२००,०००.००	
९			कृषि	साना सिंचाई कार्यक्रम	गाउँपालिका	७००,०००.००	
१०			कृषि	रैथाने वाली प्रवर्दन कार्यक्रम	गाउँपालिका	१००,०००.००	
११			कृषि	हार्टबजार संचालन तथा व्यावस्थापन कार्यक्रम	गाउँपालिका	२००,०००.००	
१२			कृषि	कृषि उत्पादनमा आधारित अनुदान	गाउँपालिका	५००,०००.००	
१३			कृषि	बीउ उत्पादन कार्यक्रम	गाउँपालिका	३००,०००.००	
१४			कृषि	कृषिजन्य उत्पादन बजारीकरण	गाउँपालिका	२००,०००.००	
१५				जम्मा		७,२३०,०००.००	
१६			पशु	एक वडा एक उत्पादन (पकेटको रुपमा विकास) कार्यक्रम	गाउँपालिका	२,०००,०००.००	
१७			पशु	पशुपंन्छी औषधि खरिद, ढुवानी	गाउँपालिका	८००,०००.००	
१८			पशु	पशुपंन्छी खोप तथा आवश्यक सामग्री खरिद	गाउँपालिका	६०,०००.००	
१९			पशु	एकिकृत पशु स्वास्थ्य तथा कृषि शिविर	गाउँपालिका	२००,०००.००	
२०			पशु	कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम	गाउँपालिका	३५०,०००.००	
२१			पशु	५० प्रतिशत अनुदानमा माछाका भुरा वितरण कार्यक्रम	गाउँपालिका	५०,०००.००	
२२			पशु	व्यवसायिक कृषकहरुलाई हिउदे घाँसको बीउ खरिद ढुवानी तथा वितरण (जै, बर्षिम)	गाउँपालिका	८०,०००.००	
२३			पशु	लागत साझेदारिमा घाँसको स्रोत केन्द्र स्थापना कार्यक्रम	गाउँपालिका	१००,०००.००	
२४			पशु	सरोकावालासंग अन्तरक्रिया गोष्ठी	गाउँपालिका	१००,०००.००	
२५			पशु	प्रयोगशालाको लागि औजार तथा उपकरण खरिद	गाउँपालिका	१००,०००.००	
२६			पशु	मागमा आधारित पशुपंन्छी विकास कार्यक्रम	गाउँपालिका	४००,०००.००	
२७			पशु	आर्थिक विकास कार्यक्रम अनुगमन तथा बैठक भत्ता	गाउँपालिका	१००,०००.००	
२८			पशु	प्राविधिकहरुको लागि क्षमता विकास तालिम	गाउँपालिका	१००,०००.००	
२९				जम्मा		४,४४०,०००.००	

क्र.स	क्षेत्र	क्षेत्रगत रुपमा विनियोजित बजेट	उप क्षेत्र	आयोजनाको नाम	कार्यान्वयन स्थान/वडा	रकम रु.	कैफियत
३०			उद्योग	सेनेटरी प्याड उद्योग स्थापनाको सम्भाव्यता अध्ययन	गाउँपालिका	१००,०००.००	
३१				जम्मा		१००,०००.००	
३२			सहकारी	सहकारी सम्बन्धी अन्तर्क्रिया, दिवस र तालिम	गाउँपालिका	२५०,०००.००	
३३				जम्मा		२५०,०००.००	
३४			पर्यटन	दिब्रुङ मन्दिर आवास निर्माण	गाउँपालिका	२,५००,०००.००	प्रदेश समपुरक
३५			पर्यटन	विभिन्न मेला तथा जात्रा (चकेश्वरी, दिब्रुङ र ऋषिपञ्चमी विशुखर्क) व्यवस्थापन	गाउँपालिका	४००,०००.००	
३६			पर्यटन	चन्द्रकोट मन्दिर परिषर शौचालय निर्माण	गाउँपालिका	७००,०००.००	
३७			पर्यटन	टिमुरेताल क्षेत्र सौन्दर्यकरण	गाउँपालिका	३००,०००.००	
३८	आर्थिक विकास	२३७२००००	पर्यटन	पाटेचौर पिकनिक स्पोट खानेपानी तथा अन्य व्यवस्थापन	गाउँपालिका	१००,०००.००	
३९			पर्यटन	वार्जिङ पिकनिक स्पोट खानेपानी तथा अन्य व्यवस्थापन	गाउँपालिका	१००,०००.००	
४०			पर्यटन	शिद्धबाबा विद्युत व्यवस्थापन	गाउँपालिका	४००,०००.००	
४१			पर्यटन	होमस्टे संरक्षण तथा प्रवर्द्धन कार्यक्रम	गाउँपालिका	१००,०००.००	
४२				जम्मा		४,६००,०००.००	
४३				रोजगार			
४४			सिँचाई	विशुखर्क सिंचाई मर्मत दिब्रुङ	वडा नं. १	१००,०००.००	
४५			सिँचाई	गैरी धसारे भ्याउरे डाँसटारी सिंचाई	वडा नं. २	३००,०००.००	
४६			सिँचाई	खहरेखोला डाड सिंचाई योजना	वडा नं. २	२००,०००.००	
४७			सिँचाई	फलाटे कुलो मर्मत	वडा नं. २	१५०,०००.००	
४८			सिँचाई	टारीकुना गैरी ढाव सिंचाई	वडा नं. ३	२००,०००.००	
४९			सिँचाई	खल्लुका रुख माझखेत आँग सिंचाई	वडा नं. ३	१००,०००.००	
५०			सिँचाई	भुक्दीखोला बोहराट नयाँबस्ती फुंगा सिंचाई मुहान संरक्षण	गाउँपालिका	५००,०००.००	
५१			सिँचाई	हरेवाखोला शान्तिपुर सिंचाई	वडा नं. ४	२००,०००.००	
५२			सिँचाई	ढाव कुमालटारी सिंचाई	वडा नं. ४	३००,०००.००	
५३			सिँचाई	तल्लो किटेनी सिंचाई	वडा नं. ५	३००,०००.००	
५४			सिँचाई	भुतेका चिलाउने सिंचाई	वडा नं. ५	३००,०००.००	
५५			सिँचाई	छरछरे सिंचाई	वडा नं. ५	३००,०००.००	
५६			सिँचाई	हरेवा टारीखोला सिंचाई	वडा नं. ६	२००,०००.००	
५७			सिँचाई	दमुका सोता सिंचाई कुलो मर्मत	वडा नं. ७	१००,०००.००	
५८			सिँचाई	भार्सेखोला बोटेगाउँ सिंचाई	वडा नं. ७	५००,०००.००	
५९			सिँचाई	बन्दिप आँपचौर सिंचाई	वडा नं. ७	३००,०००.००	
६०			सिँचाई	उदय प्रावि देखि खर्कसम्को सिंचाई कुलो	वडा नं. ८	१५०,०००.००	
६१			सिँचाई	पातल कुवा सिंचाई	वडा नं.२	१००,०००.००	
६२			सिँचाई	सिंचाई पाइप खरिद	गाउँपालिका	३००,०००.००	

युवराज खत्री क्षत्री
अध्यक्ष

क.स	क्षेत्र	क्षेत्रगत रकमा विनियोजित बजेट	उप क्षेत्र	आयोजनाको नाम	कार्यान्वयन स्थान/वडा	रकम रु.	कैफियत
६३			सिँचाई	सुवा भुदीखोला सिंचाई	वडा नं.२	१००,०००.००	
६४			सिँचाई	पधेराखोला खानचौर सिंचाई	वडा नं. १	१००,०००.००	
६५			सिँचाई	पुतलीखोल्सा जोगीघडेरी सिंचाई	वडा नं. ६	१००,०००.००	
६६			सिँचाई	माझकुलो ओखलटारी सिंचाई	वडा नं. ६	१००,०००.००	
६७			सिँचाई	पोखरे कालाबगर कुलवाध वेलटारी सिंचाई	वडा नं. ८	३००,०००.००	
६८			सिँचाई	कालिका गाउँ शाखा सिंचाई	वडा नं. ८	३५०,०००.००	
६९			सिँचाई	आँमबोट टारी पाखलचौर सिंचाई	वडा नं. ८	१००,०००.००	
७०			सिँचाई	लाजवाजे आँपकोबोट मुनिको फाँट सिंचाई	वडा नं. ८	१००,०००.००	
७१			सिँचाई	काभ्रेवारी सूर्यखोला सिंचाई	वडा नं. ८	१५०,०००.००	
७२				जम्मा		६,०००,०००.००	
७३				रोजगार			
७४			रोजगार	रोजागार सामग्री व्यवस्थापन तथा सुदृढिकरण	गाउँपालिका	३००,०००.००	
७५			रोजगार	रोजागारका लागि निर्माण सामग्री खरिद तथा व्यवस्थापन	गाउँपालिका	८००,०००.००	
७६				जम्मा		१,१००,०००.००	
७७			शिक्षा	हिमालय नि.मा.वि. भवन निर्माण	वडा नं. ५	२,५००,०००.००	प्रदेश समपुरक
७८			शिक्षा	बालविकास सहजकर्ता, सहायक कर्मचारी र विद्यालय सहयोगीको नेपाल सरकारबाट प्राप्त तलब भत्तामा थप	गाउँपालिका	६,५८५,०००.००	
७८			शिक्षा	प्रध्यानाध्यापक प्रोत्साहन भत्ता	गाउँपालिका	३२५,०००.००	
७९			शिक्षा	सामुदायिक सिकाई केन्द्र सहजकर्ताको थप तलव	गाउँपालिका	४८,०००.००	
८०			शिक्षा	गाउँपालिकाबाट राखिएका बालविकास सहजकर्ताको तलव भत्ता	गाउँपालिका	२,६८५,०००.००	
८१			शिक्षा	के.जी. शिक्षकको तलव भत्ता	गाउँपालिका	६,८०२,०००.००	
८२			शिक्षा	विद्यालय शिक्षण सहयोग अनुदान	गाउँपालिका	१०,५००,०००.००	
८३			शिक्षा	गाउँ शिक्षा योजना निर्माण	गाउँपालिका	२५०,०००.००	
८४			शिक्षा	शिक्षा दिवस कार्यक्रम तथा शिक्षक विद्यार्थी सम्मान कार्यक्रम	गाउँपालिका	१५०,०००.००	
८५			शिक्षा	स्थानीय विषय (कक्षा १-८) कक्षागत पाठ्यपुस्तक निर्माण तथा छपाइ	गाउँपालिका	८००,०००.००	
८६			शिक्षा	त्रैमासिक परीक्षा संचालन (कक्षा १-१०)	गाउँपालिका	१७५,०००.००	
८७			शिक्षा	वार्षिक परीक्षा संचालन तथा तथा व्यवस्थापन (पालिकास्तरीय कक्षा ५ र ८ समेत)	गाउँपालिका	७००,०००.००	
८८			शिक्षा	राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता	गाउँपालिका	१००,०००.००	
८९			शिक्षा	पालिकास्तरीय शैक्षिक महोत्सव तथा अतिरिक्त क्रियाकलाप	गाउँपालिका	४००,०००.००	
९०			शिक्षा	शैक्षिक क्यालण्डर निर्माण	गाउँपालिका	१००,०००.००	
९१			शिक्षा	प्र.अ. बैठक, शिक्षा समिति लगायत विभिन्न समिति बैठक खर्च	गाउँपालिका	५५०,०००.००	
९२			शिक्षा	प्रधानाध्यापक तथा शिक्षक कार्यसम्पादन सम्झौता कार्यक्रम	गाउँपालिका	५०,०००.००	
९३			शिक्षा	विषयगत शैक्षिक गोष्ठी, तालिम, कार्यशाला तथा पाठ्यक्रम प्रबोधिकरण कार्यक्रम	गाउँपालिका	६००,०००.००	
९४			शिक्षा	विद्यालय समायोजन तथा दरवन्दी मिलान अध्ययन कार्यक्रम	गाउँपालिका	२००,०००.००	

क्र.स	क्षेत्र	क्षेत्रगत रुपमा विनियोजित बजेट	उप क्षेत्र	आयोजनाको नाम	कार्यान्वयन स्थान/वडा	रकम रु.	कैफियत
९५			शिक्षा	अभिभावक शिक्षा, विद्यालय अनुगमन तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको क्षमता विकास कार्यक्रम	गाउँपालिका	३००,०००.००	
९६			शिक्षा	लक्षित वर्ग छात्रवृत्ति कार्यक्रम	गाउँपालिका	१००,०००.००	
९७			शिक्षा	विषय विज्ञहरुको अभिमूखीकरण तथा सामग्री संकलन	गाउँपालिका	१००,०००.००	
९८			शिक्षा	शिक्षक सेवा तथा लोक सेवा तयारी कक्षा कार्यक्रम	गाउँपालिका	३००,०००.००	
९९			शिक्षा	ग्वाघा माध्यमिक विद्यालय, ग्वाघा प्लाष्टर	वडा नं. ५	५००,०००.००	
१००			शिक्षा	नर्मदा आधारभूत विद्यालय, नेटापोखरा प्लाष्टर, तारबार, रंगरोगन, भित्तेलेखन लगायत	वडा नं. ६	२००,०००.००	
१०१			शिक्षा	उदय मा.वि.को भौतिक पूर्वाधार विकास	वडा नं. ४	४००,०००.००	
१०२			शिक्षा	शारदा माध्यमिक विद्यालय, सराङ्ग संरक्षण	वडा नं. १	४००,०००.००	
१०३			शिक्षा	चन्द्रकोट क्याम्पस अतिरिक्त कक्षा संचालन अनुदान	वडा नं. ४	३५०,०००.००	
१०४			शिक्षा	चन्द्रकोट क्याम्पस शौचालय मर्मत	वडा नं. ४	१५०,०००.००	
१०५			शिक्षा	मानका टिकाराम बहुमुखी क्याम्पस अतिरिक्त कक्षा संचालन अनुदान	वडा नं. ८	५००,०००.००	
१०६			शिक्षा	हर्राचौर मावि तारवार	वडा नं. ३	२००,०००.००	
१०७			शिक्षा	हरेवा निमावि खेलमैदान संरक्षण	वडा नं. ६	२००,०००.००	
१०८			शिक्षा	शारदा माध्यमिक विद्यालय, अर्जेवा अधुरो भवन निर्माण	वडा नं. १	२००,०००.००	
१०९				जम्मा		३७,४२०,०००.००	
११०			स्वास्थ्य	वर्थिङ्ग सेन्टरमा कार्यरत अनमि हरुको तलवभत्ता	गाउँपालिका	७००,०००.००	
१११			स्वास्थ्य	सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत कर्मचारीको तलवभत्ता	गाउँपालिका	३,२३०,०००.००	
११२			स्वास्थ्य	शान्तिपुर स्वास्थ्य चौकीमा चिकित्सक सेवा व्यवस्थापन	गाउँपालिका	६००,०००.००	
११३			स्वास्थ्य	ल्याव कर्मचारीलाई तलव भत्ता	गाउँपालिका	१,७७५,०००.००	
११४			स्वास्थ्य	खोप औषधी भ्याक्सिन, कोल्ड चेन, यातायात व्यवस्थापन कर्मचारी तथा ल्याव केमिकल खरिद तथा व्यवस्थापन	गाउँपालिका	७००,०००.००	
११५			स्वास्थ्य	वर्थिङ्ग सेन्टरमा कार्यरत अनमि प्रोत्साहन भत्ता	गाउँपालिका	२००,०००.००	
११६			स्वास्थ्य	गर्भवती आमाको लागि पोषिलो झोला (अण्डा र झण्डा) कार्यक्रम	गाउँपालिका	५००,०००.००	
११७			स्वास्थ्य	स्वास्थ्य चौकी मर्मत सम्भार (कार्यालय र कार्यालय सामग्री)	गाउँपालिका	८००,०००.००	
११८			स्वास्थ्य	स्वास्थ्य चौकी सन्चालन अनुदान	गाउँपालिका	५६०,०००.००	
११९			स्वास्थ्य	सामुदायीक स्वास्थ्य इकाई सन्चालन अनुदान	गाउँपालिका	२७०,०००.००	
१२०			स्वास्थ्य	विद्यालय निःशुल्क आँखा जाँच/चश्मा वितरण	गाउँपालिका	१००,०००.००	
१२१			स्वास्थ्य	महिला सामुदायीक स्वास्थ्य स्वयंसेविकाहरुको सम्मानजनक विधाई तथा म.सा.स्वा.स्व.से. दिवशमा गाउँपालिकाभित्र प्रत्येक वडाका १ जना उत्कृष्ट म.सा.स्वा.स्व.से. र स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईबाट एक/एक जना स्वास्थ्यकर्मीलाई समान कार्यक्रम गर्ने	गाउँपालिका	१५०,०००.००	
१२२			स्वास्थ्य	म.सा.स्वा.स्व.से. मासिक बैठक भत्ता	गाउँपालिका	१,०५०,०००.००	

क्र.स	क्षेत्र	क्षेत्रगत रुपमा विनियोजित बजेट	उप क्षेत्र	आयोजनाको नाम	कार्यान्वयन स्थान/वडा	रकम रु.	कैफियत
१२३			स्वास्थ्य	स्वास्थ्य आमा समूह सन्चालन गर्न संचार खर्च तथा यातयात खर्च	गाउँपालिका	७५०,०००.००	
१२४			स्वास्थ्य	स्वास्थ्य संस्था वार्षिक समिक्षा	गाउँपालिका	१००,०००.००	
१२५			स्वास्थ्य	म.सा.स्वा.स्व.से. तथा स्वास्थ्यकर्मीहरुलाई अवलोकन भ्रमण	गाउँपालिका	३००,०००.००	
१२६			स्वास्थ्य	आँखा अप्रेसन शिविर सन्चालन खर्च	गाउँपालिका	१००,०००.००	
१२७			स्वास्थ्य	विपन्न गम्भीर प्रकृतिका विरामीलाई आर्थिक सहायता	गाउँपालिका	६००,०००.००	
१२८			स्वास्थ्य	स्वास्थ्य चौकीका लागि मेडिकल सामाग्री औजार उपकरण खरिद	गाउँपालिका	५००,०००.००	
१२९			स्वास्थ्य	निःशुल्क स्वास्थ्य सेवाका लागि औषधी खरिद	गाउँपालिका	१,२००,०००.००	
१३०			स्वास्थ्य	बृहत स्वास्थ्य शिविर सन्चालन	गाउँपालिका	२००,०००.००	
१३१	सामाजिक विकास	६३७०५०००	आयुर्वेद	नागरिक आरोग्य सेवा केन्द्र विविध कार्यक्रम	गाउँपालिका	१५०,०००.००	
१३२			स्वास्थ्य	असहाय अशक्त नागरिकको ५०% अनुदानमा स्वास्थ्य वीमा कार्यक्रम	गाउँपालिका	६००,०००.००	
१३३			स्वास्थ्य	गर्भवती महिलाको सुरक्षाको लागि भिडियो [illegible]AY सेवा,बिधालय चेक जाँच को लागि यातयात खर्च	गाउँपालिका	३००,०००.००	
१३४			स्वास्थ्य	सुत्केरी हुन् नसकेका आमाहरुलाई माथिल्लो निकायमा प्रेषण गर्नको लागि यातयात खर्च	गाउँपालिका	२००,०००.००	
१३५			स्वास्थ्य	ए आमा बच्चालाई कस्तो छ कार्यक्रम संचालन	गाउँपालिका	३००,०००.००	
१३६			स्वास्थ्य	जेष्ठ नागरिकसँग अध्यक्ष कार्यक्रमको लागि सुगर जाँच तथा स्वास्थ्य परिक्षण खर्च	गाउँपालिका	३००,०००.००	
१३७			स्वास्थ्य	महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका हरुलाई झोला, कैंची, छाता, प्राथमिक उपचार बाकस खरिद	गाउँपालिका	४००,०००.००	
१३८			स्वास्थ्य	प्रत्येक साबिकको वडामा १/१ वटा स्टेचर खरिद	गाउँपालिका	३००,०००.००	
				जम्मा		१६,९३५,०००.००	
१३९			युवा तथा खेलकुद	अध्यक्षकप भलिवल प्रतियोगिता	गाउँपालिका	३००,०००.००	
१४०			युवा तथा खेलकुद	कालिकानगर कभर्डहल मर्मत	वडा नं. ३	३००,०००.००	
१४१			युवा तथा खेलकुद	घेतुङ खेलमैदान	वडा नं. ४	२००,०००.००	
१४२			युवा तथा खेलकुद	रेमी नयाँपोखरी खेलमैदान संरक्षण	वडा नं. ४	२००,०००.००	
१४३			युवा तथा खेलकुद	ग्वाघा खेलमैदान निर्माण	वडा नं. ५	३००,०००.००	
१४४			युवा तथा खेलकुद	गब्दे खेलमैदान	वडा नं. ५	२००,०००.००	
१४५			युवा तथा खेलकुद	युवा लक्षित कार्यक्रम	गाउँपालिका	२००,०००.००	
१४६			युवा तथा खेलकुद	जोगिस्थान खेल मैदान	वडा नं. ५	१००,०००.००	
१४७			युवा तथा खेलकुद	मझुवा कभर्ड हल मर्मत	वडा नं. ८	२००,०००.००	
१४८			युवा तथा खेलकुद	भीरखानी खेलमैदान	वडा नं. २	२००,०००.००	
१४९			युवा तथा खेलकुद	सिद्धबाबा युथ क्लब खेलमैदान	वडा नं. ७	१००,०००.००	
१५०			युवा तथा खेलकुद	खेलकुद पूर्वाधार विकास कार्यक्रम	गाउँपालिका	५००,०००.००	
१५१				जम्मा		२,८००,०००.००	
१५२				लैंगिक समानता तथा स[illegible]क समावेशीकरण			
१५३							

क.स	क्षेत्र	क्षेत्रगत रुपमा विनियोजित बजेट	उप क्षेत्र	आयोजनाको नाम	कार्यान्वयन स्थान/वडा	रकम रु.	कैफियत
१५४			महिला	महिला संजाल गठन, एकल महिला संजाल गठन र १६ दिने अभियान संचालन	गाउँपालिका	१५०,०००.००	
१५५			महिला	महिला उद्यमी तथा उत्पादनमूलक कार्यक्रममा साझेदारी	गाउँपालिका	२००,०००.००	
१५६			महिला	महिलाहरुको आयआर्जन सम्बन्धी तालिम	गाउँपालिका	२००,०००.००	
१५७			महिला	महिलाहरुको क्षमता विकास सम्बन्धी तालिम	गाउँपालिका	२००,०००.००	
१५८			महिला	महिला दिवस र पर्व सम्बन्धी कार्यक्रम संचालन	गाउँपालिका	१५०,०००.००	
१५९				जम्मा		९००,०००.००	
१६०			बालबालिका	बाल उद्यान निर्माण	गाउँपालिका	४००,०००.००	
१६१			बालबालिका	बाल संजाल गठन, सचेतनामूलक कार्यक्रम र दिवस	गाउँपालिका	२००,०००.००	
१६२				जम्मा		६००,०००.००	
१६३			जेष्ठ नागरिक	जेष्ठ नागरिकहरुलाई सहायता सामग्री वितरण	गाउँपालिका	३००,०००.००	
१६४			जेष्ठ नागरिक	जेष्ठनागरिक सम्मान, तिर्थाटन कार्यक्रम	गाउँपालिका	३००,०००.००	
१६५			जेष्ठ नागरिक	जेष्ठ नागरिक मिलन केन्द्र निर्माण	गाउँपालिका	४००,०००.००	
१६६				जम्मा		१,०००,०००.००	
१६७			दलित	दलित समुदायकको कला, संस्कृति, परम्परागत व्यवसाय संरक्षण	गाउँपालिका	३५०,०००.००	
१६८			दलित	दलित समुदायको परम्परागत पेशा सम्बन्धी उद्यमी विकासमा साझेदारी	गाउँपालिका	२००,०००.००	
१६९			दलित	दलित समुदायका नागरिकको नेतृत्व तथा क्षमता विकास सम्बन्धी कार्यक्रम	गाउँपालिका	१५०,०००.००	
१७०				जम्मा		७००,०००.००	
१७१			अपाङ्ग	अपाङ्गताहरुको प्रोफाइल तयार	गाउँपालिका	५०,०००.००	
१७२			अपाङ्ग	अपाङ्ग लक्षित कार्यक्रम	गाउँपालिका	२५०,०००.००	
१७३				जम्मा		३००,०००.००	
१७४			आदिवासी जनजाति	आदिवासी जनजातीको क्षमता विकास, र विविध कार्यक्रम	गाउँपालिका	२००,०००.००	
१७५			आदिवासी जनजाति	आदिवासी जनजाती समुदायको उत्पादनमूलक कार्यक्रममा साझेदारी		३००,०००.००	
१७६			आदिवासी जनजाति	अल्पसंख्यक जाति (बोटे, कुमाल) को क्षमता विकास, सशक्तिकरण र विविध कार्यक्रम	गाउँपालिका	२००,०००.००	
१७७				जम्मा		७००,०००.००	
१७८				लैंगिक समानता तथा सामाजिक समावेशीकरण जम्मा		४,२००,०००.००	
१७९			सामाजिक सुरक्षा	पञ्जीकरणको Digitalization कार्यक्रम	चन्द्रकोट गाउँपालिका	५०,०००.००	
१८०			सामाजिक सुरक्षा	सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कर्मचारीलाई अभिमुखीकरण तालिम	चन्द्रकोट गाउँपालिका	१५०,०००.००	
१८१				जम्मा		२००,०००.००	
१८२			खानेपानी तथा सरसफाई	दिर्घ्रुङ वृहत खानेपानी आयोजना	वडा नं. १	७००,०००.००	
